नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website:www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

**नेपाल एसबिआई बैंक लि.**

**प्रेश विज्ञप्ती**

# प्रधानमन्त्री राहतकोषमा नेपाल एसबिआई बैंकको रु. १२ करोड ३० लाख योगदान

**२०७३/०२/०२, काठमाडौं**

नेपाल एसबिआई बैंकले महाबिनासकारी भुकम्प लगायत दैवि प्रकोपबाटपीडितहरुको राहत एवं पुनर्स्थापनमा सहयोगका लागि बैंकमा खोलिएको खातामार्फत हालसम्म संकलित रकम **रु.१२ करोड ३० लाख** प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई हस्तान्तरण गरेको छ । उक्त रकममध्ये रु ५ करोड २१ लाख रकमको चेक भारतीय स्टेट बैंकका प्रबन्ध निर्देशक तथा समूह कार्यकारी श्री बी. श्रीरामले विहान प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित एक कार्यक्रमका बीच सम्माननीय प्रधानमन्त्री श्री खडगप्रसाद ओलीज्यूलाई हस्तान्तरण गर्नुभयो । संकलित रकममध्ये **रु.७,०९,११,९११.८१** गतवर्ष बैंकले कोषलाई हस्तान्तरण गरिसकेको छ ।

प्रधानमन्त्रीज्यूले बैंकको चेक ग्रहण गर्दै भुकम्प पीडितहरुको राहत एवं पुनर्स्थापनका लागि उल्लेख्य रकम योगदान गर्न बैंक सफल भएकोमा बैंक व्यवस्थापनको प्रसंशा गर्दै धन्यवाद ज्ञापन गर्नुभयो । वहाँले बैंकको योगदानको उच्चतम सदुपयोग हुने कुरामा आस्वस्त हुन समेत आग्रह गर्नुभयो । गत वर्ष देशले सामना गरेको भुकम्पबाट पीडितहरुको राहत तथा पुनर्स्थापनका लागि बैंकले स्वस्फुर्त रुपमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरबाट रकम संकलनको अभियान चलाई उक्त रकम योगदान गरेको हो ।

कार्यक्रममा एसबिआईका श्री बी. श्रीरामले बैंकको संस्थागत चिनारी तथा गतिबिधीबारे समेत प्रधानमन्त्रीज्यूलाई संक्षेपमा अवगत गराउनु भयो । सम्माननीय प्रधानमन्त्री र श्री श्रीराम बिच भारतमा कार्यरत नेपालीका लागि बैंक खाता खोल्ने प्रक्रियालाई सरलीकृत गर्ने तथा नेपालको ग्रामिण क्षेत्रमा लघुवित्त कार्यक्रममा वाणिज्य बैंकहरुको भुमिकाबारे चर्चा भएको थियो ।

कार्यक्रममा एसबिआईका नायव प्रबन्ध निर्देशक श्री सिद्धार्थ सेनगुप्ता र मुख्य महाप्रवन्धक श्री सुजित कुमार बर्मा तथा बैंकका संचालक श्री निरञ्जन कुमार टिवडेवाला, श्री संजय कुमार सुरेका, प्रबन्ध संचालक श्री अनुकुल भट्नागर तथा डेपुटी सिइओ भि.के.त्यागी, प्रमुख वित्तीय अधिकृत प्रिय रञ्जन लगायत बैंकका अन्य पदाधिकारीहरुको उपस्थिती रहेको थियो ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM

नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website:www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

नेपाल एसबिआई बैंक भारतीय स्टेट बैंक (एस.बि.आई.) को सहायक कम्पनी हो, जुन विश्वका "फर्च्युन ५०० कम्पनी" मध्येको एक र सार्वजनिक क्षेत्रका बैंकहरु मध्ये भारतमा सबैभन्दा ठुलो र विश्वमा दोस्रो ठुलो बैंक हो ।

बैंकले चाल आ.व.को ९ महिनाको अवधीमा रु. ६३.४१ अर्ब निक्षेप संकलन गरी रु. ४६.२० अर्ब कर्जा लगानी गरेको छ । बैंकले यो अवधीमा गत वर्षको तुलनामा १४.७८% ले खुद नाफामा बृद्धि गरी रु. ९५.०३ करोड मुनाफा आर्जन गरेको छा ।

बैंकले हाल ७२ वटा व्यवशायिक इकाई (३ वटा क्षेत्रीय कार्यालय सहित) मार्फत सेवा प्रदान गर्दै आएको छ । हाल देशका विभिन्न स्थानमा बैंकका ८४ वटा एटिएम रहेका छन् ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM

रमेश घिमिरे

कम्पनी सचिव तथा प्रमुख सुचना अधिकारी

Phone: 01-4435516, 4435613, Fax: 00977-1-4435612

64540